# विदेशी लगानी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५

<u>प्रस्तावनाः</u> मुलुकको समृद्धिका लागि उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी, उदार, आत्मनिर्भर, रोजगार उन्मुख, स्वतन्त्र तथा समुन्नत बनाउन उत्पादन, निर्यात प्रवर्द्धन र पूर्वाधार विकासका क्षेत्रमा लगानी मैत्री वातावरण सिर्जना गर्दै विदेशी लगानीलाई आकर्षित गरी औद्योगिकीकरण मार्फत् दीगो आर्थिक वृद्धिदर हासिल गर्न विदेशी लगानी सम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन र एकिकरण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान बमोजिम संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "विदेशी लगानी सम्बन्धी ऐन, २०७५"रहेको छ।

(२) यो ऐनको दफा १० र ११ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिबाट र अन्य दफाहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम स्थापना भएको उद्योग सम्झनु पर्छ ।

(ख) "एकल विन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिमको एकल विन्दु सेवा केन्द्र सम्झनु पर्छ ।

(ग)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "धितोपत्र बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिमको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ङ) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानीकर्ताबीच देहायको कुराको सम्बन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनु पर्छः-

(१) पेटेण्ट, डिजायन, ट्रेडमार्क, व्यापारिक ख्याति (गुडवील), प्राविधिक विशिष्टता, सुत्र (फर्मुला), प्रक्रिया,

(२) प्राविधिक हक हस्तान्तरण (एसाइन्मेन्ट),उपयोगको इजाजत (युजर्स लाइसेन्स), प्राविधिक जानकारी प्रदान (नो हाउ शेयरिङ्ग) वा प्राविधिक ज्ञानको प्रयोग (फ्रेन्चाइज),

(३) वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन तथा बजार सेवा उपलब्ध गराउने वा अन्य प्राविधिक सीप वा ज्ञान ।

(च) "बोर्ड" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिमको उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ज) "विदेशीलगानी" भन्नाले विदेशी लगानीकर्ताले उद्योग वा कम्पनीमा गरेको देहायको लगानी सम्झनु पर्छः-

(१) विदेशी मुद्रा वा ऋण लगानी,

(२) उद्योगमा विदेशी मुद्रा वा शेयरबाट प्राप्त लाभांश रकमको पुनर्लगानी,

(३) दफा ६ बमोजिम गरेको लिज लगानी (लिज फाइनान्स),

(४) दफा ९ बमोजिम पूँजी लगानी कोषमा गरेको लगानी,

(५) दफा १० बमोजिम धितोपत्रको दोस्रो बजार मार्फत सूचीकृत धितोपत्रमा गरेको लगानी,

(६) नेपालमा संस्थापना भएको कम्पनीको शेयर वा सम्पत्ति खरिद गरी भएको लगानी,

(७) दफा ११ बमोजिम नेपालमा संस्थापित उद्योग वा कम्पनीले विदेशी पूँजी बजारमा धितोपत्र जारी गरी बैंकिङ्ग प्रणाली मार्फत् प्राप्त भएको लगानी,

(८) प्रविधि हस्तान्तरणद्वारा भएको लगानी, वा

(९) नेपालमा उद्योग स्थापना र विस्तार गरी भएको लगानी ।

(झ) "विदेशी लगानीकर्ता"भन्नाले नेपालमा विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्ने विदेशी व्यक्ति, फर्म, कम्पनी, गैर आवासीय नेपाली वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था वा अन्य यस्तै प्रकारका संगठित संस्थालाई सम्झनुपर्छ र सो शब्दले विदेशी लगानीकर्ता कुनै संगठित संस्था भएमा त्यस्तो संस्थाको अन्तिम हिताधिकारी समेतलाई जनाउने छ ।

(ञ) "विदेशी लगानी स्वीकृत गर्ने निकाय" भन्नाले दफा १६ बमोजिमको निकाय सम्झनु पर्छ।

(ट) "विभाग" भन्नाले उद्योग विभाग सम्झनु पर्छ।

(ठ) "संस्थागत विदेशी लगानीकर्ता"भन्नाले विदेशी लगानी गर्ने विदेशी कम्पनी, संगठित संस्था वा अन्तर्राष्ट्रिय संस्था सम्झनु पर्छ ।

## परिच्छेद–२
## विदेशी लगानी सम्बन्धी

३. **विदेशी लगानी गर्न सक्नेः** (१) विदेशी लगानीकर्ताले कुनै उद्योगमा विदेशी लगानी गर्न र त्यस्तो लगानीबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूचीमा उल्लिखित उद्योगमा विदेशी लगानी गर्न सकिने छैन ।

तर, अनुसूचीमा उल्लिखित नेपाली लगानीमा स्थापना भएका उद्योगमा विभागको स्वीकृति लिई प्रविधि हस्तान्तरण गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योगमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा कम रकमको विदेशी लगानी गर्न स्वीकृति दिइने छैन ।

(४) विदेशी लगानीबाट संचालित उद्योगले आर्जित नाफाबाट समेत अनुसूची बमोजिमका उद्योगहरुमा लगानी गर्न पाउने छैन ।

४. **एकल वा संयुक्त रुपमा विदेशी लगानी गर्न सक्ने:** विदेशी लगानीकर्ताले एकल वा संयुक्त रुपमा वा नेपालमा स्थापित उद्योग वा नेपाली नागरिकसँग संयुक्त रुपमा उद्योग स्थापना गरी विदेशी लगानी गर्न सक्नेछ ।

५. **उद्योगको जायजेथा वा शेयर खरिद गरी विदेशी लगानी गर्न सक्ने:** विदेशी लगानीकर्ताले नेपालमा स्थापना भएको कुनै उद्योगको जायजेथा वा तोकिएको प्रतिशतसम्मको शेयर खरिद गरी विदेशी लगानी गर्न सक्नेछ ।

६. **लिज लगानी गर्न सक्ने:** विदेशी लगानीकर्ताले हवाइजहाज,पानीजहाज,मेसिन औजार,निर्माण उपकरण वा अन्य यस्तै उपकरणमा तोकिएको सीमाको अधीनमा रही लिज लगानी गर्न सक्नेछ ।

७. **प्रविधि हस्तान्तरण गरी विदेशी लगानी गर्न सक्ने:** (१) विदेशी लगानीकर्ताले नेपालमा स्थापित कुनै उद्योगमा प्रविधि हस्तान्तरण गरी विदेशी लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हुने प्रविधि हस्तान्तरणका शर्तहरु सम्बन्धित उद्योग र विदेशी लगानीकर्ताबीच भएको प्रविधि हस्तान्तरण सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सम्झौतामा तोकिएको सीमाभन्दा बढी रोयल्टी रकम फिर्ता लैजाने व्यवस्था गर्न सकिने छैन ।

(४) उपदफा (२) बमोजिमको सम्झौता विदेशी लगानी स्वीकृत गर्ने निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृति दिंदा विदेशी लगानी स्वीकृत गर्ने निकायले विदेशी लगानी सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन, उद्योगको उत्पादन र बिक्रीको क्षमता समेतको आधारमा आवश्यक शर्त तोक्न सक्नेछ ।

८. **उद्योगको स्थापना वा विस्तार गरी विदेशी लगानी गर्न सक्ने:** (१) विदेशमा संस्थापना भएको होल्डिङ कम्पनीले नेपालमा सब्सीडियरी कम्पनी स्थापना गरी सो कम्पनी मार्फत् तोकिए बमोजिमको पूँजी लगानी गरी आफ्नो उद्योग वा उद्योगको इकाई स्थापना वा विस्तार गरी विदेशी लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उद्योग वा उद्योगको इकाई स्थापना वा बिस्तार र पूँजी लगानी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **पूँजी लगानी कोष खडा गरी विदेशी लगानी गर्न सक्ने:** (१) संस्थागत विदेशी लगानीकर्ताले कुनै उद्योगमा स्वपूँजी (इक्विटी) लगानी गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम कम्पनी संस्थापना गरी धितोपत्र बोर्डको स्वीकृति लिई पूँजी लगानी कोष (भेन्चर क्यापिटल फण्ड) खडा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषबाट उद्योगमा लगानी गर्न दफा १४ बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको पूँजी लगानी कोषको विवरण त्यस्तो कम्पनीले प्रत्येक छ महिनामा विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम स्थापित कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **धितोपत्र सम्बन्धी कारोबार गर्न सक्ने:** (१) दफा ९ बमोजिम पूँजी लगानी कोष खडा गर्ने संस्थागत विदेशी लगानीकर्ताले धितोपत्र कारोवारका लागि धितोपत्र बोर्डमा दर्ता हुनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम धितोपत्र बोर्डमा दर्ता भएको विदेशी लगानीकर्ताले यस ऐन बमोजिम विदेशी लगानी गर्न सकिने उद्योगको धितोपत्रको दोस्रो बजार मार्फत धितोपत्र कारोबार गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम धितोपत्र सम्बन्धी कारोबार गर्दा खरिद गर्नु पर्ने धितोपत्रको न्यूनतम संख्या, लगानीको सीमा, धितोपत्र खरिद गरे पछि आफूले राखु पर्ने न्यूनतम अवधि, धितोपत्र खरिद गर्न विदेशी मुद्रामा राखु पर्ने जगेडा कोष (रिजर्भ फण्ड) र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **<u>धितोपत्र जारी गरी ऋण लिन वा विदेशी मुद्रा प्राप्त गर्न सक्ने:</u>** (१) नेपालमा संस्थापना भएको कुनै पनि पब्लिक लिमिटेड कम्पनी वा धितोपत्र जारी गर्न प्रचलित कानून बमोजिम अख्तियारी पाएको संगठित संस्थाले नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्डको स्वीकृति लिई विदेशी मुलुकको पूँजी बजारमा ऋणपत्र, डिवेञ्चर वा अन्य धितोपत्र जारी गरी ऋण लिन वा विदेशी मुद्रा प्राप्त गर्न सक्नेछ ।

(२) विदेशी लगानीमा नेपालमा संस्थापना भएको कम्पनीले धितोपत्र सम्बन्धी प्रचलित कानूनको अधीनमा रही नेपालभित्र धितोपत्र जारी गरी ऋण लिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम धितोपत्र जारी गरी लिएको ऋण वा विदेशी मुद्रा नेपालमा लगानी गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिमको धितोपत्र जारी गर्ने सम्बन्धी अन्य व्यवस्था धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

१२. **<u>विदेशी लगानीको अधिकतम सीमा नतोकिने:</u>** (१) नेपालमा लगानी गर्न चाहने विदेशी लगानीकर्ताले लगानी गर्ने रकमको अधिकतम सीमा तोकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा उद्योगको हकमा नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्दाका बखत सम्बन्धित क्षेत्र वा उपक्षेत्रका सम्बन्धमा जनाएको प्रतिवद्धताभन्दा कम नहुने गरी विदेशी लगानीको स्वपूँजीको अधिकतम सीमा र दफा १० बमोजिम धितोपत्रमा गरिने लगानीको सीमा तोक्न सकिनेछ ।

१३. **<u>स्क्रो एग्रिमेन्ट गर्न सकिने:</u>** (१) यस ऐन बमोजिम लगानी गर्ने विदेशी लगानीकर्ताले नेपालमा गरेको आफ्नो लगानीलाई व्यवस्थापन गर्न नेपालमा स्थापना भएको कुनै वाणिज्य बैंकसँग स्क्रो एग्रिमेन्ट गरी त्यस्तो एग्रिमेण्ट मार्फत् उक्त वाणिज्य बैंकले एजेन्टको रुपमा काम गर्ने गरी आफ्नो लगानीकोव्यवस्थापन गर्न सक्नेछ ।

(२) नेपाल सरकारले समय समयमा स्क्रो एग्रिमेन्टसँग सम्बन्धित थप व्यवस्था तथा शर्तहरु तोकी स्क्रो एग्रिमेन्ट तथा लगानी व्यवस्थित गर्न सक्नेछ ।

(३) स्क्रो एग्रिमेन्ट सम्बन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद—३
## विदेशी लगानीको स्वीकृति तथा फिर्ता

१४. **विदेशी लगानी गर्ने स्वीकृतिको लागि निवेदन दिनु पर्ने:** (१) यस ऐन बमोजिम विदेशी लगानी गर्न चाहने विदेशी लगानीकर्ताले नेपालमा विदेशी लगानी भित्र्याउने समय तालिका तथा उद्योगमा लगानीको कार्ययोजना सहितको विवरण खुलाई विदेशी लगानी गर्ने स्वीकृतिको लागि तोकिए बमोजिमको ढाँचामा विदेशी लगानी स्वीकृत गर्ने निकायमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा तोकिए वमोजिमका कागजात र प्रकृया पुरा भएको देखिएमा विदेशी लगानी स्वीकृत गर्ने निकायले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र तोकिए बमोजिमको ढाँचामा विदेशी लगानीको लागि स्वीकृति दिनेछ ।

(३) उपदफा (२) बमोजिम विदेशी लगानीको लागि स्वीकृती दिँदा लगानी स्वीकृति गर्ने निकायले निर्णय गरी आवश्यक शर्तहरु समेत तोक्न सक्नेछ ।

(४) विदेशी लगानीबाट संचालित उद्योगले आर्जित नाफाबाट अनुसूची वमोजिमका उद्योग बाहेक सोही उद्योग वा अन्य कुनै उद्योगमा लगानी गर्न चाहेमा विदेशी लगानी सम्वन्धी स्वीकृती आवश्यक पर्ने छैन ।

तर, उद्योग वा कम्पनी दर्ता वा कर प्रयोजन वा अन्य कुनै कामको लागि भने प्रचलित कानून वमोजिम दर्ता वा अन्य आवश्यक अनुमति लिनुपर्नेछ ।

(५) उपदफा (२) बमोजिम निवेदन जाँचबुझ गर्दा स्वीकृति दिन मिल्ने नदेखिएमा विदेशी लगानी स्वीकृत गर्ने निकायले त्यसको आधार र कारण खुलाई सात दिनभित्र निवेदकलाई सोको लिखित जानकारी दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम विदेशी लगानी स्वीकृति गर्न नसक्ने गरी विदेशी लगानी स्वीकृत गर्ने निकायले गरेको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित लगानीकर्ताले त्यस्तो निर्णय पुनरावलोकनका लागि मन्त्रालयको सचिवसमक्ष निवेदन दिन सक्नेछ ।

(७) उपदफा (६) वमोजिम प्राप्त निवेदनलाई मन्त्रालयको सचिवले तोकिए वमोजिमको कार्यविधि पुरा गरी तीस दिनभित्र निर्णय गरिसक्नु पर्नेछ ।

१५. **<u>नेपाल राष्ट्र बैंकबाट स्वीकृति सम्बन्धी व्यवस्थाः</u>** (१) दफा १४ बमोजिम विदेशी लगानीकालागि स्वीकृति प्राप्त भएपछि विदेशी लगानीकर्ताले त्यस्तो लगानीको रकम नेपाल भित्र्याउनु पूर्व उक्त रकम आफ्नो वैध स्रोतबाट आर्जित रकम भएको स्वघोषणा गरी स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि नेपाल राष्ट्र बैंकले त्यस्तो रकम सम्पत्ति सुद्धिकरणजन्य अपराधसँग सम्बन्धित वा वैध स्रोतबाट आर्जित हो होइन भन्ने विषयमा लगानी रकम नेपालमा भित्रिइसके पछि आवश्यक छानबिन गरी एकिन गर्ने गरी निवेदन प्राप्त भएको सात दिन भित्र त्यस्तो लगानी नेपाल भित्राउन स्वीकृति प्रदान गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले लगानी भित्र्याउन स्वीकृति दिएको रकम सम्पत्ति सुद्धिकरणजन्य अपराधसँग सम्बन्धित वा वैध स्रोतबाट आर्जित हो होइन भन्ने विषयमा आवश्यक जाँचबुझ गरी त्यस्तो स्वीकृति प्रदान गरेको नब्बे दिन भित्रमा एकिन गरी सक्नु पर्नेछ ।

(४) उपदफा (३) वमोजिमको जाँचबुझबाट देखिएको निष्कर्षको जानकारी लगानी स्वीकृति गर्ने निकाय र सम्बन्धित लगानीकर्तालाई समेत दिनुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकबाट भएको जाँचबुझबाट विदेशी लगानीको रुपमा नेपाल भित्रिएको रकम सम्पत्ति सुद्धिकरणजन्य अपराधसँग सम्बन्धित वा वैध स्रोतबाट आर्जित भएको नदेखिएमा त्यस्तो रकम जफत गर्नका लागि नेपाल राष्ट्र बैंकले नेपाल सरकारलाई सिफारिस गर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सिफारिसका आधारमा नेपाल सरकारले त्यस्तो रकम जफत गर्न सक्नेछ ।

(७) उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकले गरेको निर्णय वा उपदफा (५) बमोजिम नेपाल राष्ट्र बैंकले गरेको सिफारिस उपर चित्त नबुझेमा सम्बन्धित लगानीकर्ताले त्यस्तो निर्णय उपर पुनरावलोकनको लागि सम्वन्धित मन्त्रालयको सचिव समक्ष निवेदन दिन सक्नेछ ।

(८) उपदफा (७) वमोजिम प्राप्त निवेदनलाई सम्वन्धित मन्त्रालयको सचिवले तोकिए वमोजिमको कार्यविधि पुरा गरी तीस दिनभित्र निर्णय गरिसक्नु पर्नेछ ।

(९) उपदफा (६) वमोजिमनेपाल सरकारले सम्पत्ति सुद्धिकरणजन्य अपराधसँग सम्बन्धित वा वैध स्रोतबाट आर्जित भएको नदेखिएको सिफारिशका आधारमा विदेशी लगानी रकम जफत गर्ने गरी गरेको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

१६. <u>विदेशी लगानी स्वीकृत गर्ने निकायः</u> देहायको विदेशी लगानी स्वीकृत गर्ने अधिकार देहायको निकायलाई हुनेछः-

(क) पाँच अर्ब रुपैयाँसम्मको विदेशी लगानी भए विभाग,

(ख) पाँच अर्ब रुपैयाँभन्दा बढीको विदेशी लगानी भए बोर्ड ।

१७. <u>लगानी गरी सक्नु पर्ने अवधिः</u> (१) विदेशी लगानीकर्ताले दफा १४ को उपदफा (२) बमोजिम विदेशी लगानी गर्न स्वीकृति प्राप्त गरेको रकम तोकिएको अवधिभित्र लगानी गरी सक्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत विदेशी लगानी गर्न प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त गरिसकेका विदेशी लगानीकर्ताले समेत तोकिएको न्यूनतम रकम तोकिएको अवधिभित्र त्यस्तो लगानी गरी सक्नु पर्नेछ ।

(३) मुनासिव माफिकको कारण विना उपदफा (१) वा (२) वमोजिमको अवधिभित्र लगानी नगर्ने उद्योगलाई प्रदान गरिएको लगानी स्वीकृति त्यस्तो स्वीकृति दिने निकायले रद्द गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र लगानी नगर्ने विदेशी लगानीकर्तालाई यस ऐन बमोजिमको कुनै पनि सुविधा उपलब्ध गराइने छैन ।

१८. <u>बैकिङ्ग प्रणाली मार्फत् रकम ल्याउनु पर्नेः</u> (१) विदेशी लगानीकर्ताले लगानी गर्ने रकम नेपाल राष्ट्र बैंकले निर्धारण गरेको प्रक्रिया पूरा गरी सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही बैकिङ्ग प्रणाली मार्फत् परिवर्त्य विदेशी मुद्रामा नेपाल भित्राउनु पर्नेछ ।

तर,भारतीय लगानीकर्ताले त्यस्तो लगानी रकम बैकिंग प्रणाली मार्फत् भारतीय मुद्रामा समेत लगानी गर्न सक्नेछन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ बमोजिमको लिज लगानी र दफा ११ बमोजिमको ऋण लगानी तोकिए बमोजिम हुनेछ ।

१९. **शेयर विक्री र हक हस्तान्तरणः** (१) विदेशी लगानीबाट नेपालमा सिर्जित सम्पत्ति,जायजेथा वा शेयर वा अन्य कुनै प्रकारको वित्तीय उपकरणको नेपाल भित्र वा बाहिर विक्री वा हक हस्तान्तरण वा अन्य कुनै प्रकारले तोकिएको प्रतिशत भन्दा बढी स्वामित्व परिवर्तन भएमा कारोवार भएको तीस दिनभित्र सम्बन्धित कम्पनीले तत् सम्बन्धी प्रमाण कागजात सहित सोको जानकारी त्यस्तो लगानी गर्न अनुमति दिने निकायमा दिई सोको तोकिए वमोजिम अभिलेखन गराउनु पर्नेछ ।

(२) कुनै होल्डिङ कम्पनीको सम्पत्ति, जायजेथा वा शेयर वा अन्य कुनै प्रकारको वित्तीय उपकरणको हक हस्तान्तरण हुँदा नेपालमा विदेशी लगानी भएको उद्योगको स्वामित्व परिवर्तन भएकोमा उपदफा (१) बमोजिमको जानकारी गराउने दायित्व नेपालमा स्थापित सम्बन्धित सब्सिडियरी कम्पनी वा सो मार्फत् स्थापना भएको उद्योग वा उद्योगको इकाईको हुनेछ ।

(३) उपदफा (१) वमोजिम कारोवार भएकोमा सम्बन्धित उद्योगले कारोवारको रकम खुलाई प्रचलित कानून बमोजिम कर चुक्ता गर्नुपर्नेछ ।

(४) नेपाल सरकारले आवश्यक ठानेमा स्वतन्त्र मूल्याङ्कनकर्ताबाट ड्यु डिलिजेन्स अडिट गराई वा गर्न लगाई कारोवारको मूल्य निर्धारण गर्न सक्नेछ । यस्तो ड्यु डिलिजेन्स अडिट गर्दा लाग्ने खर्च सम्वन्धित लगानीकर्ताले वहन गर्नुपर्नेछ ।

(५) शेयर विक्री र हक हस्तान्तरण सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

२०. **लगानी तथा आर्जित रकम फिर्ता लैजान सक्नेः** (१) विदेशी लगानीकर्ताले चाहेमा प्रचलित कानून बमोजिम आफ्नो लगानीको शेयर वा उद्योग बिक्री गरी नेपालबाट आफ्नो लगानी फिर्ता लैजान सक्नेछ ।

(२) विदेशी लगानीकर्ताले जुन विदेशी मुद्रामा लगानी गरेको हो सोही विदेशी मुद्रामा वा नेपाल राष्ट्र बैंकले स्वीकृति दिएमा अन्य परिवर्त्य विदेशी मुद्रामा प्रचलित कानून बमोजिमको कर सम्बन्धी दायित्व पूरा गरी देहाय बमोजिमको रकम फिर्ता लैजान सक्नेछः-

(क) विदेशी लगानीको शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) विदेशी लगानीबाट प्राप्त मुनाफा वा लाभांश वापतको रकम,

(ग) उद्योग वा कम्पनी खारेजी वा लिक्विडेसनमा गएकोमा खारेजी वा लिक्विडेसन पश्चात सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी रहन आउने रकम,

(घ) विदेशी मुद्राको निक्षेप र सोमा आर्जित ब्याज,

(ङ) प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त लाभ (रोयल्टी) वापतको रकम,

तर, शत प्रतिशत मदिरा निकासी गर्ने मदिराजन्य उद्योग बाहेक अन्य मदिराजन्य उद्योगमा हुने प्रविधि हस्तान्तरण अन्तर्गतको ट्रेडमार्कको उपयोग गरे वापतको रोयल्टीको हकमा त्यस्तो लाभ बापतको रकम प्रचलित कर बाहेकको कूल बिक्री मूल्य वा खूद नाफाको तोकिए बमोजिमको प्रतिशत भन्दा बढी हुने छैन ।

(च) लिज लगानी अन्तर्गत लिज भाडा (लिज रेन्ट) रकम,

(छ) नेपालमा चलेको मुद्दा, मध्यस्थता वा अन्य कुनै कानूनी प्रक्रियाको अन्तिम व्यवस्थापनबाट प्राप्त गरेको कुनै हर्जाना वा क्षतिपुर्ती वापतको रकम ।

(५) उपदफा (१) वा (४) बमोजिम परिवर्त्य विदेशी मुद्रामा रकम फिर्ता लैजाँदा प्रचलित विनिमय दरमा सटही गरी लैजानु पर्नेछ ।

(६) कुनै विदेशी लगानीकर्ताले नेपालको चल वा अचल सम्पत्ति धितो वा बन्धक लिई कुनै उद्योग वा कम्पनीमा ऋण लगानी गरेकोमा त्यस्तो ऋणको साँवा वा ब्याज रकम भुक्तानी नभएको कारणबाट धितो वा बन्धक दिएको चल वा अचल सम्पत्ति लिलाम बिक्री वा जफत गर्नु परेमा त्यस्तो लगानीकर्ताले प्रचलित कानून बमोजिम नेपालको बैंक वा वित्तीय संस्था सरह लिलाम बिक्री गरी लगानी फिर्ता लैजान सक्नेछ ।

(७) लिज सम्झौता बमोजिम भुक्तानी नभएको वा सम्झौताको शर्त उल्लंघन भएको कारणबाट लिज सम्झौता अन्त्य भएमा विदेशी लगानीकर्ताले आफ्नो लगानी र लिजमा लगानी गरेको सम्पत्ति फिर्ता लैजान सक्नेछ ।

(८) यस दफा बमोजिम विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजान चाहने विदेशी लगानीकर्ताले स्वीकृतिको लागि तोकिए बमोजिमको ढाँचामा विदेशी लगानी स्वीकृत गर्ने निकायमा निवेदन दिनु पर्नेछ ।

तर, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजाने सम्वन्धी स्वीकृति दिने अधिकार एकल विन्दु सेवा केन्द्रलाई प्रदान गरेमा त्यस्तो निवेदन एकल विन्दु सेवा केन्द्रमा दिनुपर्नेछ ।

(९) उपदफा (८) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा विदेशी लगानीकर्ताले यस ऐन, प्रचलित कानून तथा विदेशी लगानी सम्बन्धमा भएको सम्झौता बमोजिमका शर्त र दायित्व पूरा गरेको देखिएमा विदेशी लगानी स्वीकृत गर्ने निकायले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजाने स्वीकृति दिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम स्वीकृति प्राप्त भएपछि विदेशी लगानीकर्ताले विदेशी मुद्राको सटही सुविधाको लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिन सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम निवेदन प्राप्त भएपछि नेपाल राष्ट्र बैंकले विदेशी लगानीकर्तालाई विदेशी लगानी फिर्ता लैजान सटहीको सुविधा उपलब्ध गराउनेछ ।

## परिच्छेद–४
## विदेशी लगानीको प्रवर्द्धन, सहजीकरण तथा नियमन

२१. **बोर्डको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएको काम,कर्तव्य र अधिकारका अतिरिक्त बोर्डको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) औद्योगिक तथा पूर्वाधार संरचना विकासमा विदेशी लगानी आकर्षण गर्न अवलम्बन गर्नु पर्ने नीतिगत, संस्थागत र प्रक्रियागत सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ख) नेपालमा विदेशी लगानीको आकर्षण बढाउन र त्यसको प्रबर्द्धन तथा संरक्षण गर्न आवश्यक रणनीति र कार्यक्रम तय गर्ने,

(ग) विदेशी लगानीमा आधारित उद्योगको स्थापना, विदेशी लगानीको प्रबर्द्धन र स्वीकृति गर्ने,

(घ) विदेशी लगानीको अभिवृद्धि, विस्तार तथा संरक्षण गरी विदेशी लगानीको सहजीकरण गर्ने,

(ङ) विदेशी लगानीको नीतिगत तथा कार्यान्वयनको तहमा समन्वय कायम गर्ने,

(च) विदेशी लगानी सम्बन्धी नीति तथा कानूनको कार्यान्वयनमा सहयोग पुर्याउने,

(छ) विदेशी लगानीकर्तालाई एकल विन्दु सेवा केन्द्रबाट प्रभावकारी रुपमा सेवा उपलब्ध गराउने व्यवस्था गर्ने र त्यस्तो सेवाको सम्बन्धमा प्राप्त भएका गुनासोको जाँचबुझ गरी वा गराई आवश्यक कारवाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,

(ज) विदेशी लगानीको स्वीकृति तथा सेवा प्रवाहको काम कारवाही उचित ढङ्गले सञ्चालन भए वा नभएको जानकारी लिई सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(झ) दफा २० वमोजिमको विदेशी लगानी वा आर्जित रकम फिर्ता लैजाने सम्वन्धमा कुनै समस्या देखिए सहजिकरण गर्ने,

(ञ) तोकिए वमोजिमका अन्य काम गर्ने, गराउने ।

२२. **<u>विभागको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त विभागको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विदेशी लगानी भएका उद्योगले यस ऐन बमोजिम दिइएको सुविधाको दुरुपयोग गरे वा नगरेको नियमित सुपरीवेक्षण तथा अनुगमन गर्ने,

(ख) यस ऐन वा प्रचलित कानून बमोजिम स्वीकृत भएका वा अनुमति प्राप्त गरेका विदेशी लगानीको अद्यावधिक अभिलेख राख्ने र त्यसलाई समय समयमा सार्वजनिक गर्ने,

(ग) विदेशी लगानीकर्ता र निजका आधिकारिक प्रतिनिधि तथा विदेशी लगानी भएका उद्योगमा दफा २७ बमोजिम कार्यरत विदेशी विशेषज्ञ,प्राविधिक वा व्यवस्थापकीय कर्मचारी र निजका परिवारका आश्रित सदस्यलाई भिसाको लागि सिफारिस गर्ने तथा सोको लागि सहजीकरण गर्ने,

(घ) विदेशी लगानीकर्ता तथा विदेशी लगानी भएका उद्योगमा दफा २७ बमोजिम कार्यरत विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीलाई लगानी तथा पारिश्रमिक फिर्ता लैजान सहजीकरण गर्ने,

(ङ) प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्यांकन लगायतका कुनै स्वीकृति वा अनुमतिपत्र प्राप्त गर्नका लागि विदेशी लगानीकर्तालाई सहजीकरण गर्ने,

(च) विदेशी लगानीलाई पारदर्शी बनाउन तथा प्रक्रियागत सरलीकरण गर्न कार्य संचालन कार्यविधि (स्टाण्डर्ड अपरेटिङ्ग प्रोसिड्युर) बनाई लागू गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

२३. <u>**एकलविन्दु सेवाकेन्द्र मार्फत् सेवा उपलब्ध गराइने:**</u> नेपाल सरकारले विदेशी लगानीकर्तालाई यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग दर्तादेखि बर्हिगमन सम्मका सबै सेवाहरु तथा प्रचलित कानून बमोजिम प्रदान गरिने छुट, सुविधा वा सहुलियत एकल विन्दु सेवा केन्द्र मार्फत् उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद–५
## विदेशी लगानी भएका उद्योग वा विदेशी लगानीकर्तालाई प्रदान गरिने छुट, सुविधा र सहुलियत

२४. <u>**उद्योगले प्राप्त गर्ने सुविधा:**</u> (१) विदेशी लगानी भएका उद्योगलाई यस ऐन बमोजिमका छुट, सुविधा, सहुलियत वा संरक्षणको अतिरिक्त औद्योगिक व्यवसाय ऐन,२०७३ बमोजिम उपलब्ध हुने छुट, सुविधा वा सहुलियत समेत प्रदान गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी भएका उद्योगलाई प्रचलित कानून बमोजिम रुग्ण उद्योगले पाउने सुबिधा उपलब्ध हुने छैन ।

(३) विदेशी लगानी भएका उद्योगले प्रचलित कानून बमोजिम आयकर, भन्सार महशुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर छुट प्राप्त गर्नेछ ।

२५. <u>**विदेशी मुद्राको कारोबार गर्न सुविधा:**</u> (१) विदेशी लगानीकर्ता वा विदेशी लगानी भएका उद्योगले नेपालको कुनै बैंकमा परिवर्त्य विदेशी मुद्रा, नेपाली मुद्रा वा दुवै मुद्रामा खाता खोली कारोवार गर्न सक्नेछ ।

तर,परिवर्त्यविदेशी मुद्रामा खाता खोली कारोबार गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेछ ।

(२) विदेशी लगानी भएका उद्योगले परिवर्त्यविदेशी मुद्राको विनिमयदर हेरफेरको जोखिम न्यूनीकरण गर्न बैंक वा वित्तीय संस्था मार्फत स्वीकृत प्राप्त डेरिभेटिभस् उपकरणको प्रयोग गर्न सक्नेछ ।

२६. **<u>विदेशी मुद्राको सुविधाः</u>** (१) विदेशी लगानी भएका उद्योगले विदेशी लगानी स्वीकृत गर्ने निकायको सिफारिसमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई देहायको प्रयोजनका लागि आवश्यक पर्ने रकमको लागि विदेशी मुद्राको सुविधा प्राप्त गर्न सक्नेछः-

(क) उद्योगलाई आवश्यक पर्ने मेसिनरी, उपकरण वा कच्चा पदार्थ खरिद गरी पैठारी गर्न,

(ख) दफा २७ बमोजिम उद्योगमा काम लगाइएका विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीले पाउने पारिश्रमिक भुक्तानी गर्न,

(ग) दफा ११ को उपदफा (१) बमोजिम जारी भएको ऋणपत्र वा डिवेञ्चरको साँवा वा ब्याज भुक्तानी गर्न,

(घ) दफा २० बमोजिम विदेशी लगानी वा आर्जित रकम फिर्ता लैजान,

(ङ) विदेशी ऋणको साँवा वा ब्याजको भुक्तानी गर्न ।

(२) उपदफा (१) बमोजिम नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएपछि विदेशी लगानी भएका उद्योगले स्वीकृत भए बमोजिमको रकम त्यस्तो उद्योगको दफा २५ बमोजिमको खातामा रहेको विदेशी मुद्राबाट भुक्तानी वा प्रयोग गर्न सक्नेछ ।

(३) दफा २७ बमोजिम उद्योगमा काम लगाइएका विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीले प्रचलित कानून बमोजिम आयकर कट्टा गरी निजले पाउने पारिश्रमिक रकममध्ये बचत हुन आएको रकम परिवर्त्यविदेशी मुद्रामा निजको मुलुकमा लैजान सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम परिवर्त्यविदेशी मुद्रा सटही गर्दा वा लैजाँदा खुला बजार विनिमयदरबाट गर्नु पर्नेछ ।

२७. **विशेषज्ञ, उच्च प्राविधिक र व्यवस्थापकीय कर्मचारी काममा लगाउने सुबिधाः** (१) नेपालमा विदेशी लगानीबाट संस्थापित उद्योगले उद्योगमा आवश्यक पर्ने अदक्ष र अर्धदक्ष जनशक्तिको आपूर्ती अनिवार्य रूपमा नेपाली नागरिकबाट गर्नुपर्नेछ । उद्योगको उच्च व्यवस्थापनमा विशेषज्ञ, उच्च प्राविधिक, व्यवस्थापकीय कर्मचारी वा प्राविधिक कर्मचारीको पुर्ती गर्दा समेत नेपाली नागरिकलाई उचित प्राथमिकता दिनु पर्नेछ ।

(२) विदेशी लगानीकर्ताले उद्योगको उच्च व्यवस्थापनमा विशेषज्ञ, उच्च प्राविधिक, व्यवस्थापकीय कर्मचारी र त्यस्तो उद्योगमा प्राविधिक ज्ञान वा सीप हस्तान्तरण गर्नु परेमा अन्य देशका प्राविधिक वा विशेषज्ञलाई तोकिए बमोजिमको प्रक्रिया पूरा गरी काममा लगाउन सक्नेछ ।

(२) श्रम सम्वन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि तोकिएको रकम भन्दा बढी परिवर्त्यविदेशी मुद्रामा लगानी भएको उद्योगमा विशेषज्ञ,उच्च प्राविधिक वा व्यवस्थापकीय पदमा काम गर्न लगानीकर्ता आफै वा निजले खटाएको एक जनासम्मको लागि श्रम स्वीकृति लिइरहनु पर्ने छैन ।

तर, सम्बन्धित उद्योगले त्यसरी काम गर्ने विदेशी विशेषज्ञ,उच्च प्राविधिक वा व्यवस्थापकीय कर्मचारीको विवरण अभिलेखका लागि विभागमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका विशेषज्ञ, उच्च प्राविधिक र व्यवस्थापकीय पदमा काम गर्ने व्यक्तिले विभागले निर्धारण गरे बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ ।

२८. **औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्थाः**विदेशी लगानी भएका उद्योगलाई नेपालमा स्थापित अन्य उद्योग सरहको सुरक्षा उपलब्ध गराइने छ ।

२९. **परिचयपत्रको सुविधाः** (१) विभागले विदेशी लगानीकर्तालाई तोकिएको ढाँचामा परिचयपत्र उपलव्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम उपलव्ध गराइने परिचयपत्रमा मन्त्रालयले निर्धारण गरेको मापदण्ड पूरा गरेका विदेशी लगानीकर्ता वा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त गरेका विदेशी लगानीकर्तालाई सम्मान स्वरुप औद्योगिक रुपमा महत्वपूर्ण व्यक्ति (इण्डस्ट्रियल्ली इम्पोर्टटेण्ट पर्सन, आइ. आइ. पी.) वा नेपालको औद्योगिक प्रवर्द्धक (इण्डस्ट्रियल प्रमोटर अफ नेपाल, आई. पी. एन.) उल्लेख गरी दिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम परिचयपत्र प्राप्त गरेको विदेशी लगानीकर्ताले नेपाल सरकारले तोकेको वा प्रचलित कानून बमोजिम निषेध गरिएको क्षेत्र बाहेक नेपालको अन्य जुनसुकै क्षेत्रमा पनि आवतजावत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम आवत जावत गर्दा विदेशी लगानीकर्ता वा निजको प्रतिनिधिलाई नेपाली नागरिक सरहको व्यवहार गरिनेछ ।

३०. **<u>भिसा सम्बन्धी सुबिधाः</u>** (१) विदेशी लगानीका लागि अध्ययन, अनुसन्धान वा सर्भेक्षण गर्न आउने विदेशी नागरिकलाई छ महिनासम्मको गैर पर्यटक भिसा दिइनेछ ।

(२) विदेशी लगानीकर्ता वा निजको एकजना आधिकारिक प्रतिनिधि र त्यस्तो लगानीकर्ता वा प्रतिनिधिका परिवारका सदस्यलाई तोकिए बमोजिमको रकममा नघट्ने गरी विदेशी लगानी कायम रहेसम्म नेपालमा बस्न व्यावसायिक भिसा दिइनेछ ।

तर, तोकिएको रकम भन्दा कम लगानी गर्ने लगानीकर्ताको हकमा यस्तो सुविधा बढीमा दुई जनासम्म र निजको परिवारको सदस्यलाई मात्र उपलब्ध गराइनेछ ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनका लागि "परिवारकासदस्य"भन्नालेविदेशीलगानीकर्तावानिजको आधिकारिक प्रतिनिधिको पति वा पत्नी,आमा बाबु र आश्रीत छोरा वा छोरी सम्झनु पर्छ ।

(३) एकै पटक दश लाख अमेरिकी डलरभन्दा बढी रकम वा सो बराबरको परिवर्त्यविदेशी मुद्रामा विदेशी लगानी गर्ने विदेशी लगानीकर्ता वा निजको आधिकारिक प्रतिनिधि र त्यस्ता व्यक्तिको परिवारका सदस्यलाई तोकिए बमोजिमको रकममा नघट्ने गरी विदेशी लगानी कायम रहेसम्मको अवधिका लागि आवासीय भिसा दिइनेछ ।

(४) दफा २७ बमोजिम उद्योगमा काम गर्न आउने विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीलाई गैरपर्यटक भिसा दिइनेछ ।

(५) गैर पर्यटक भिसाको लागि कार्य सहमति र श्रम स्वीकृति दिने निकायले तीस दिनभित्र आवश्यक प्रक्रिया पुरा गरी कार्य सहमति र श्रम स्वीकृति दिने वा नदिने सम्वन्धी निर्णय गरिसक्नु पर्नेछ ।

३१. **<u>जग्गा सम्बन्धी व्यवस्थाः</u>** (१) विदेशी लगानीकर्ताले उद्योगको लागि आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम आफैले खरिद गरी वा अन्य उपायद्वारा व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको उद्योग सञ्चालनको लागि विदेशी लगानीकर्ता आफैले आवश्यक जग्गा खरिद गर्न वा व्यवस्था गर्न नसकेमा त्यसको व्यहोरा खुलाई जग्गा खरिद गर्न वा प्राप्त गरिदिन अनुरोध गरेमा विदेशी लगानी स्वीकृत गर्ने निकायले त्यसको लागि आवश्यक सिफारिस, समन्वय र सहजीकरण गर्नेछ ।

(३) विदेशी लगानी भएका उद्योगको लागि औद्योगिक क्षेत्र वा विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापनाका लागि प्राथमिकता दिन मन्त्रालयले सम्वन्धित निकायलाई सिफारिश गर्न सक्नेछ ।

(४) विदेशी लगानी भएका उद्योगको लागि जग्गा लिजमा उपलब्ध गराउने तथा जग्गाको हदबन्दी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(५) विदेशी लगानीमा संचालन हुने उद्योगलाई उपलव्ध गराईने जग्गा सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

३२. **राष्ट्रिय व्यवहार गरिनेः** (१) यो ऐन प्रारम्भ भए पछि कुनै विदेशीले नेपालमा यस ऐन र प्रचलित अन्य कानूनको अधिनमा रही गरेको विदेशी लगानी त्यस्तो लगानी नेपाल भित्रिइसके पछि सो लगानी नेपालमा रहेको अवधिसम्म सो लगानीको व्यवस्थापन, संभार, प्रयोग,हस्तान्तरण, विक्रीमा लागु हुने शर्त नेपाली नागरिकले गरेको लगानीको व्यवस्थापन,संभार, प्रयोग, हस्तान्तरण, विक्रीमा लागु हुने शर्त भन्दा कम अनुकुल नहुने गरी राष्ट्रिय व्यवहार (नेशनल ट्रिटमेन्ट) गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुनु अगावै भएको विदेशी लगानीका हकमा त्यस्तो लगानी हुँदाका बखत बहाल रहेको विदेशी लगानी सम्बन्धी प्रचलित कानूनमा भएको व्यवस्था लागू हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको विषयमा राष्ट्रिय व्यवहार (नेशनल ट्रिटमेन्ट) लागू हुने छैन र सो विषय विवाद निरुपण गर्ने कुनै संयन्त्रको विषय समेत हुन सक्नेछैनः

(क) नेपालको संविधान बमोजिम प्रदेश तह वा स्थानीय तहमा अधिकार निहित रहेको विषय,

(ख) कर निर्धारण वा कर दायित्व सम्बन्धी विषय,

(ग) विश्व ब्यापार संगठन अन्तर्गत गरिएका संझौतामा उल्लेखित बौद्धिक सम्पत्तिको सिर्जना,त्यसका सीमा, हक हस्तान्तरण वा प्रयोगमा अनिवार्य अनुमति लिनुपर्ने (कम्पलसरी लाइसेन्सिङ्ग) भनी तोकिएका ब्यवस्थाको विषय,

(घ) सार्वजनिक खरिद सम्बन्धी विषय,

(ङ) नेपाल सरकारबाट प्रदान गरिने वा उपलब्ध हुने अनुदान वा सहुलियतको विषय,

(च) नेपाल सरकारबाट प्रवाह हुने गैर ब्यापारिक सेवाको विषय,

(छ) लगानीकर्ता, निक्षेपकर्ता, धितोपत्र वजारका सहभागीहरु, बिमा पोलिसि बाहक वा बिमा पोलिसि दाविकर्ताहरुको संरक्षण गर्न वा कुनै व्यक्तिको आर्थिक स्वार्थको रक्षा गर्ने दायित्व लिएका वित्तीय संस्थाहरु सम्वन्धी विषय तथा वित्तीय संस्थाको स्वस्थता (साउण्डनेस), नैतिकता वा वित्तीय जिम्मेवारी कायम राख्ने जस्ता विषयहरुमा नेपाल सरकारले उचित ठानी अवलम्बन वा व्यवस्थापन गरेका वित्तीय सेवा सम्वन्धी उपायहरु,

(ज) नेपाल सरकार पक्ष रहेको वा हुने कुनै क्षेत्रीय वा बहुपक्षीय आर्थिक, मौद्रिक वा यस्तै प्रकृतिको कुनै संगठनको पक्ष भएको कारणबाट नेपाल सरकारले विषेश व्यबाहार गर्नु पर्ने दायित्व वा प्रावधान भएको विषय,

(झ) नेपाल बाहिर लगानी फिर्ता, ऋण भुक्तानी (सावाँ, ब्याज तथा शुल्क समेत), सेवा शुल्कको भुक्तानीमा प्रचलित कानून बमोजिम नियामक निकायले तोक्ने शर्त सम्बन्धी विषयहरु,

(ञ) मानव स्वास्थ्य, जीवजन्तु, वनस्पती वा वातावरण संरक्षणको विषय ।

३३. <u>राष्ट्रियकरण नगरिनेः</u> यस ऐन बमोजिम विदेशी लगानी भएको उद्योगलाई राष्ट्रियकरण गरिने छैन ।

## परिच्छेद—६
## गुनासो व्यवस्थापन तथा कारबाही

३४. <u>गुनासो व्यवस्थापनः</u> (१) प्रचलित कानून बमोजिम उद्योगको दर्ता, नियमन वा अनुगमन गर्ने अधिकारी वा एकल विन्दु सेवा केन्द्रको कुनै अधिकारीले गरेको कुनै काम कारवाहीका

सम्बन्धमा विदेशी लगानीकर्ता वा उद्योगको कुनै गुनासो भए निजले त्यसको लिखित जानकारी मन्त्रालयलाई गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त गुनासोलाई मन्त्रालयले तोकिए बमोजिम सम्वोधन तथा व्यवस्थापन गर्नेछ ।

३५. **शर्त विपरीतको काम कारबाही गर्न नहुने:** (१) विदेशी लगानीकर्ता वा विदेशी लगानी भएका उद्योगले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विदेशी लगानीको लागि स्वीकृति दिँदा तोकिएको शर्त विपरीतको कुनै काम गर्न, गराउन हुँदैन ।

(२) विदेशी लगानीकर्ता वा विदेशी लगानी भएका उद्योगले यस ऐन बमोजिम प्राप्त सुविधाको दुरुपयोग गर्न, गराउन हुँदैन ।

(३) विदेशी लगानीकर्ता वा विदेशी लगानी भएका उद्योगले जुन प्रयोजनको लागि विदेशी लगानीको स्वीकृति लिएको हो सो प्रयोजन बाहेक अन्य प्रयोजनमा प्रयोग गर्नु हुँदैन ।

(४) विदेशी लगानीकर्ता वा विदेशी लगानी भएका उद्योगले यो ऐन,यस ऐन अन्तर्गत बनेको नियम तथा विदेशी लगानीको लागि स्वीकृति दिँदा तोकिएको शर्त विपरीतको कुनै काम गरेको पाइएमा त्यस्तो स्वीकृति तोकिए वमोजिमको प्रकृया पुरा गरी रद्द गर्न सकिनेछ ।

३६. **सुविधा रोक्का गर्न आदेश दिन सक्ने:** (१) कुनै विदेशी लगानीकर्ता वा विदेशी लगानी भएका उद्योगले दफा ३५ विपरीत कुनै काम गरेको पाइएमा विभागको महानिर्देशकले त्यस्ता विदेशी लगानीकर्ता वा उद्योगलाई अवस्था अनुसार त्यस्तो कार्य तत्काल रोक्न वा अवधि तोकी सो अवधिभित्र त्रुटी सँच्याउन वा कुनै कार्य सम्पन्न गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको आदेशको पालना गर्नु सम्बन्धित विदेशी लगानीकर्ता वा उद्योगको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको आदेशको पालना नगर्ने विदेशी लगानीकर्ता वा उद्योगलाई विभागको महानिर्देशकले यस ऐन बमोजिमको सबै वा कुनै सुविधा उपलब्ध नगराउने निर्णय गर्न सक्नेछ ।

तर, त्यसरी निर्णय गर्दा सम्बन्धित विदेशी लगानीकर्ता वा उद्योगलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(४) उपदफा (१) वा (३) बमोजिम महानिर्देशकले दिएको निर्देशन वा गरेको निर्णयमा चित्त नबुझ्ने विदेशी लगानीकर्ता वा उद्योगले त्यस्तो निर्देशन वा निर्णयको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयको सचिव समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनको सम्बन्धमा मन्त्रालयको सचिवले गरेको निर्णय अन्तिम हुनेछ ।

३७. **दण्ड सजायः** (१) उद्देश्य विपरित कार्य गर्ने वा प्रचलित कानून विपरित कार्य गर्ने वा प्राप्त सुविधाको दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको संघीय निकायबाटऔद्योगिक व्यवसाय सम्बन्धी प्रचलित संघीय कानुन वमोजिम सजाय हुनेछ ।

३८. **उद्योगको अनुगमन तथा निरीक्षणः** (१) विभागले तोकिदिएको अधिकृतले विदेशी लगानी भएको उद्योगको आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणमा जाने अधिकृतले विदेशी लगानीकर्ता वा उद्योगद्वारा दफा ३५ विपरीतको काम गरे नगरेको समेतको विवरण खुलाई अनुगमन तथा निरीक्षण सम्पन्न भएको मितिले तीन दिनभित्र विभागमा प्रतिवेदन दिनु पर्नेछ ।

## परिच्छेद—७
## विविध

३९. **द्विपक्षीय वा बहुपक्षीय लगानी सम्झौता गर्न सकिनेः** विदेशी लगानी प्रवर्द्धनका लागि नेपाल सरकारले विदेशी मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय संस्थासँग द्विपक्षीय वा बहुपक्षीय लगानी सम्झौता गरी विदेशी लगानी भित्र्याउन सक्नेछ ।

४०. **सम्झौता गर्न सक्नेः** (१) कुनै उद्योगमा नेपाली लगानीकर्ता र विदेशी लगानीकर्ताबीच संयुक्त लगानी गर्दा सो लगानीका सम्बन्धमा यस ऐनको अधीनमा रही विदेशी लगानी सम्बन्धी संयुक्त सम्झौता गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अन्य कुराका अतिरिक्त संयुक्त लगानीका शर्तहरु,लगानीबाट आर्जित मुनाफा बाँडफाँड तथा लगानी सम्बन्धी विवाद समाधान सम्बन्धी  व्यवस्था गर्न सकिनेछ ।

४१. **विवादको समाधानः** (१) विदेशी लगानीका सम्बन्धमा नेपाली लगानीकर्ता र विदेशी लगानीकर्ताबीच कुनै विवाद उत्पन्न भएमा सम्बन्धित पक्षहरुले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नेछन् ।

(२) उपदफा (१) बमोजिम छलफल वा वार्ताबाट विवाद समाधान गर्न विभागले आवश्यक सहजीकरण गर्न सक्नेछ ।

(३) विवाद उत्पन्न भएको पैंतालीस दिनभित्र उपदफा (१) बमोजिम विवाद समाधान हुन नसकेमा र त्यस्तो विवादको समाधान गर्न विवादका पक्षहरुबीच संयुक्त लगानी वा विवाद समाधान सम्बन्धी सम्झौता भएकोमा त्यस्तो सम्झौता बमोजिम विवादको समाधान
गरिनेछ ।

(४) उपदफा (३) वमोजिमको सहमतिको जानकारी पक्षहरुले त्यस्तो सहमति भएको पैतिस दिन भित्रमा विदेशी लगानी स्वीकृति दिने निकायलाई दिनु पर्नेछ ।

तर, के कुन शर्तहरुमा त्यस्तो सहमति भएको हो भन्ने कुराको जानकारी दिन पक्षहरु बाध्य हुने छैनन् ।

(५) उपदफा (३) बमोजिम पक्षहरुबीच भएको सम्झौतामा विवाद समाधान सम्बन्धमा कुनै व्यवस्था नभएकोमा नेपालको मध्यस्थता सम्बन्धी कानून बमोजिम मध्यस्थताद्वारा त्यस्तो विवादको समाधान गरिनेछ ।

(६) कुनै विदेशी लगानीका सम्बन्धमा उत्पन्न विवादको समाधान विवादका पक्षहरुले अन्यथा मन्जुर गरेमा बाहेक अन्तर्राष्ट्रिय व्यापार कानून सम्बन्धी संयुक्त राष्ट्र संघीय आयोग (अनसिट्राल) को प्रचलित नियम वा कार्यविधि बमोजिम मध्यस्थताद्वारा गरिनेछ ।

(७) यस दफा बमोजिम गरिने मध्यस्थता नेपालमा हुनेछ र मध्यस्थता सम्बन्धी नेपालको सारवान कानून लागू हुनेछ ।

तर, उपदफा (३) बमोजिमको अवस्थामा सोही उपदफा बमोजिम हुनेछ ।

४२. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने:** विदेशी लगानी स्वीकृत गर्ने निकायले यस ऐन बमोजिम विदेशी लगानीको लागि स्वीकृति तथा तत् सम्बन्धी अन्य काम कारबाही विद्युतीय कारोबार सम्बन्धी प्रचलित कानून बमोजिम मान्यता प्राप्त विद्युतीय माध्यमबाट सम्पादन गर्न सकिने गरी व्यवस्था गर्न सक्नेछ ।

४३. **स्वचालित स्वीकृति प्रक्रिया सम्बन्धी व्यवस्था गर्न सकिने:** नेपाल सरकारले विदेशी लगानी प्रक्रियालाई सरल, सहज र स्वचालित बनाउन यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग दर्तादेखि स्वीकृति प्रक्रिया सम्बन्धी सेवाहरु, उद्योगको किसिम, उद्योगको प्रकृति वा लगानीको सीमा लगायतका विषयहरु तोकी स्वचालित मार्ग (अटोमेटिक रुट) बाट कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वचालित स्वीकृति प्रक्रिया सम्बन्धी व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम उद्योग दर्तादेखि स्वचालित स्वीकृति प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. **करार गरी उत्पादन गर्न सकिने:** विदेशी लगानी भएका उद्योगले त्यस्तो उद्योगलाई आवश्यक पर्ने वस्तु वा सेवा अन्य उद्योगसँग करार गरी उत्पादन गर्न सक्नेछ ।

४५. **अधिकार प्रत्यायोजन:** बोर्ड वा विभागले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार बोर्डको कुनै सदस्य, नेपाल सरकारको कुनै निकाय वाअधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४६. **निर्देशन दिन सक्ने:** विदेशी लगानी स्वीकृत गर्ने निकायले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही लगानीकर्ता वा त्यस्तो लगानीको उद्योगलाई अवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित विदेशी लगानीकर्ता वा उद्योगको कर्तव्य हुनेछ ।

४७. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा  लेखिएका विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा औद्योगिक व्यवसाय ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

४८. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४९. **<u>नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकारः</u>** (१) यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

५०. **<u>खारेजी र बचाउः</u>** (१) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ खारेज गरिएको छ ।

(२) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐन वमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची
## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)
## विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय

१. लघु उद्यम र घरेलु उद्योग,

२. हातहतियार, खरखजाना, गोलीगठ्ठा, बारुद वा विष्फोटक पदार्थ तथा न्यूक्लियर, बायोलोजिकल तथा केमिकल (एन. बी. सी.) हतियार उत्पादन गर्ने उद्योग,

३. मुद्रा तथा सिक्का व्यवसाय वा सुरक्षण मुद्रण (सेक्युरिटी प्रिन्टिङ्ग) उद्योग,

४. घर जग्गा खरिद बिक्री व्यवसाय (निर्माण उद्योग बाहेक),

५. विद्युतीय व्यापार (ई—कमर्स) समेतका नेपालमा पचास करोड रुपैयाँभन्दा कम लगानीको र तीन देशभन्दा कम देशमा गरेको बहुब्राण्ड (मल्टि ब्राण्ड) खुद्रा व्यापार,

६. पर्यटनमा संलग्न ट्राभल एजेन्सी, पथ प्रदर्शक, ट्रेकिङ्ग तथा पर्वतारोहण पथ प्रदर्शक,भरिया (घोडा, खच्चड, याकसहित) एवं भान्से मात्र उपलब्ध गराउने उद्देश्य भएको पर्यटन उद्योग, घोडचढी, हात्तीचढी, मसाज, स्पा, ब्यूटीपार्लर, होमस्टे, लाउड्री सेवा,

७. कृषिका प्राथमिक उत्पादनका क्षेत्रहरु एवं कुखुरापालन, मत्स्यपालन, मौरीपालन,

८. विकीरणजन्य सामग्री (रेडियो एक्टिभ म्याटेरियल्स) उत्पादन गर्ने उद्योग,

९. क्यासिनो बाहेकका जुवा वा बाजी व्यवसाय संचालन उद्योग, चिठ्ठा संचालन र नेटवर्क व्यवसाय,

१०. आमसंचारका प्रसारण माध्यमहरु (पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन समाचार) को व्यवसाय,

११. शैक्षिक परामर्श दिने व्यवसाय एवं संस्थाहरु, भाषा, तालीम, संगीत तालीम र तोकिएको रकम भन्दा कम विदेशी लगानी हुने कम्प्युटर तालीम र पचास प्रतिशत वा सो भन्दा बढी लगानी हुने व्यवस्थापन, लेखा, इञ्जिनियरिङ्ग, कानूनी जस्ता परामर्श सेवा व्यवसाय ।